# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंङ्गाल, काठमाडौं

मिति: २०८१।०९।०७ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी इच्छाकुमार श्रेष्ठसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः

**प्रतिवादी इच्छाकुमार श्रेष्ठ र सन्तोष कुमार दासलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) ले परिभाषित गरेको कसुरमा बिगो रू.९,३२,५४८।७३ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको सजाय गरी उक्त बिगोसमेत असुल हुन र सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ को खरिद सम्झौताको अन्त्य र सोको उपचार अन्तर्गत कानुनी प्रकृया अबलम्बन नगर्दा हुन गएको हानी नोक्सानी गरेको समेत गरी प्रतिवादी इच्छाकुमार श्रेष्ठ र सन्तोष कुमार दासलाई बिगो रकम रू.५३,७५,२००।३२ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भए बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) र ऐ. ऐनको दफा ३ को उपदफा (१)(ज) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको बिगो असुल उपर हुन,

**प्रतिवादी नेत्रप्रसाद मरासिनीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसुरमा बिगो रू.५३,७५,२००।३२ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भए बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) र ऐ. ऐनको दफा ३ को उपदफा (१) (ज) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको बिगोसमेत असुल उपर हुन,

**प्रतिवादी सुकबहादुर गुरूङ्ग र प्रकाश भट्टराईलाई** बिगो रू.६३,०७,७४९।०५ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन साथै प्रतिवादी भोलेबाबा कन्स्ट्रक्सनलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम बिगो अनुसार जरिबाना गरी बिगोसमेत जफत हुन मागदाबी लिइएकोमा,

विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८१।०३।१४ को फैसलाबाट सफाई दिएको-:

क) प्रतिबादीहरूले मौकामा र अदालतमा उपस्थित भई बयान गर्दा ईन्कार गरी बयान गरेको र ईन्कारी बयानलाई पुष्टि हुने गरी बादीका साक्षी एवं अदालतबाट बुझिएका साक्षीहरू समेतले अदालतमा आई बकपत्र गरिदिएको।

ख) अदालतबाट बुझिएका साक्षीहरूको बकपत्र व्यहोरा समेतको आधारमा उल्लेखित निर्माण कार्यमा कम परिणामको काम गरी बढी भुक्तानी दिएको र आपसी मिलोमतोमा प्रतिबादीहरूले सरकारी रकम खाई मासी हिनामिना गरेको भन्ने तथ्य वस्तुगत प्रमाणबाट पुष्टि हुन आएन ।

ग) प्रतिबादीहरूले निर्माण कार्यको रनिङ्ग बिल भुक्तानी गर्दा कसैबाट कुनै किसिमको लाभ स्वीकार गरेको तथा कसैको मोलाहिजामा परेको भन्ने पुष्टि हुन नसकेको

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०९।०७ मा पुनरावेदन गरिएको छः-

**देहायः**

क) ठेक्का नं. १६/०७४-७५ नवलपरासीको पम्प हाउस, स्टोरेज टेङ्की र वितरण प्रणाली दुम्कीबास-५, नवलपरासीका लागि रू.२२,८८,८३८।७३ भ्याटसहित कार्यसम्पन्न गर्ने गरी र ठेक्का नं. १८/०७४-७५ नवलपरासीको पम्प हाउस, स्टोरेज टेङ्की र वितरण प्रणाली देवचुली-१, नवलपरासीका लागि रू.२३,७५,३६१।५९ भ्याटसहित कार्यसम्पन्न गर्ने गरी भूमिगत जल सिंचाई विकास डिभिजन कार्यालय, रूपन्देही र भोलेबाबा कन्स्ट्रक्सन, दाउन्नेदेवी-१, नवलपरासी बीच सम्झौता भएको। ठेक्का नं. १६/०७४-७५ नवलपरासी निर्माण कार्यको जम्मा रू.१६,४७,५०३।१० र मु.अ.कर रू.२,१४,१७५।४० समेत कूल जम्मा रू.१८,६१,६७८।५० को काम भएको भनी मिति २०७५/०३/१२ मा नापी किताबमा जनिएको, नापजाँच गरेको मिति २०७५/०३/१५ उल्लेख गरी रनिङ्ग बिल तयार गरको। साथै ठेक्का नं. १८/०७४-७५ नवलपरासी निर्माण कार्यको जम्मा रू.१७,००,८८२।६० र मु.अ.कर रू.२,२१,११४।७४ समेत कूल जम्मा रू.१९,२१,९९७।३४ को काम भएको भनी इन्जिनियर सन्तोषकुमार दासले नापजाँच गरी तयार गरेको रनिङ्ग बिलमा भोलेबाबा कन्स्ट्रक्सन प्रा.लि.को अख्तियारी प्राप्त प्रकाश भट्टराईले दस्तखत गरी छाप लगाएकोमा डिभिजन प्रमुख इच्छाकुमार श्रेष्ठले स्वीकृत गरी भुक्तानी दिएको देखिएको।

ख) प्रतिबादी इच्छा कुमार श्रेष्ठ, सन्तोष कुमार दास, नेत्र प्रसाद मरासिनी र सन्तोष कुमार दास समेतले भूमीगत जलश्रोत तथा सिंचाई विकास डिभिजन, वुटवल रूपन्देहीबाट आ.व. २०७४/७५मा पम्पहाउस, स्टोरेज टंकी र वितरण प्रणाली निर्माण कार्यको ठेक्का नं.१६/०७४-७५/Nawalparasi को ठेक्का सम्झौतामा कार्य नै नगरी नभए/नगरेको कामलाई भए गरेको हो भनी प्रथम रनिङ्ग बिलको नापी किताव र ठेक्का सम्बन्धी बिलमा चढाई बढी मूल्याङ्कन गरी बढी भुक्तानी लिएको देखिएको। ठेक्का नं.१६/०७४-७५/Nawalparasi को ठेक्का र सम्झौता अनुसारको कार्यमा रू. ३,१३,९८२।८५ र ठेक्का नं.१८/०७४-७५/Nawalparasi को ठेक्काको सम्झौता अनुसारको कार्यमा रू. ६,१८,५६५।८८ बराबरको कार्य नै नगरी बढी मूल्याङ्कन गरी बढी भुक्तानी लिएको देखिएको। प्रतिवादीहरूको आपसमा मिलेमतोमा सरकारी रकम भुक्तानी दिईएको देखिएको। म्याद थपको प्रक्रिया नचाली/नचलाई प्रचलित कानुनले तोकेको सम्झौताको अन्त्य र सोको उपचार नखोजी उल्टो म्याद समाप्त भएका ठेक्काको रनिङ्ग बिल र म्याद समाप्त भई सकेपछी जारी भएको बिजक समेत अन्देखा गरी भुक्तानी समेत गरी Performance Bond No.PB/०१५३/०२०८/३८५३/१८ को रू. ३,७५,०००।- र Performance Bond No.PB/०१५३/०२०६/३८५३/१८ को रू. ३,३६,०००।- को बैंक जमानतको म्याद समाप्त हुनु अगाबै कानुन तथा सम्झौताका शर्त अनुसार भुक्तानी दावी गर्नुपर्नेमा सो नगरी दुबै जमानतको म्याद समाप्त भई फुकुवा समेत हुने गरी भए/गरेको कामबाट जम्मा रू. ७,११,०००।- हानी नोक्सानी भएको। ।आयोगबाट गरिएको स्थलगत अनुगमन/ निरीक्षणको क्रममा समेत उक्त योजना सम्पन्न नभएको र संचालनमा नआएको आयोगबाट गरिएको नाँपजाँच प्रतिबेदन तथा सर्जमिन मुचुल्काबाट देखिएको हुँदा प्रतिबादीहरूको मिलोमतोमा उक्त रकम भुक्तानी भएको भन्ने पुष्टि हुन आएको मिशिल संलग्न प्रमाणबाट देखिदा देखिदै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।

ग) प्रतिबादी भोलेबाबा कन्स्ट्रक्सन प्रा.लि. र सोका प्रोप्राइटर, ठेकेदार सुक बहादुर गुरूङ्ग र अख्तियारवाला प्रकाश भट्टराईले उक्त योजनामा प्रथम रनिङ्ग बिल भुक्तानी लिंदा नभए/नगरेको काम भए/गरेको भनी बढी मूल्याङ्कन गर्न लगाई नियमानुसारको म्याद थपको लागि कुनै प्रक्रिया नै नचाली प्रथम रनिङ्ग बिल भुक्तानी लिएको देखिएको। इन्जिनियर सन्तोष कुमार दासले नापजाँच गर्दा नभएको कार्यलाई समेत भए गरेको हो भनी झुट्टा बिल बनाई यी निर्माण व्यवसायीलाई उपलब्ध गराएको र सोही नापी किताब र बिलमा भए गरेको भनी तयार गरेको नापी कितावमा ठेकेदार प्रतिनिधि प्रकाश भट्टराईले सही गरी कम्पनीको छाप लगाई स्वीकृतिका लागि पेश गरी ठेक्का नं.१६/०७४-७५/Nawalparasi को ठेक्का सम्झौता अनुसारको

कार्यमा रू.३,१३,९८२।८५ बराबरको र ठेक्का नं.१८/०७४-७५/Nawalparasi को ठेक्काको सम्झौता अनुसारको कार्यमा रू.६,१८,५६५।८८ बराबरको गरी दुवै ठेक्का/को झुट्टा विल बनाई/बनाउन लगाई भुक्तानी भएको देखिएको। जमानतको म्याद थप गरी/गराई कार्यालयमा पेश गर्नु पर्नेमा सो नगरी म्याद समाप्त भई Performance Bond No. PB/०१५३/०२०८/३८५३/१८ को रू.३,७५,०००।- र Performance Bond No. PB/०१५३/०२०६/३८५३/१८ को रू. ३,३६,०००।- को फुकुवा समेत हुने गरी भए गरेको कामबाट जम्मा रू. ७,११,०००।- हानिनोक्सानी पुऱ्याएको देखिएको। साथै कार्यालयलाई पूर्व जानकारी नदिई सम्झौता विपरित हुने गरी काम छोडी प्रचलित कानुन अनुसार गर्नु पर्ने सम्झौताको वैधता र अस्तित्व नै समाप्त हुने गरी ठेक्काको सम्झौता अनुसारको शर्त तथा दायित्व पुरा गर्न लापरबाही गरी हानी नोक्सानी पुर्‍याएको ठेक्का नं.१६/०७४-७५ को सम्झौता रकम रू.२२,८८,८३८।७३ र ठेक्का. नं.१८/०७४-७५ को सम्झौता रकम रू. २३,७५,३६१।५९ र उल्लेखित दुबै ठेक्कामा काम नै नगरी बढी भुक्तानी लिएको रकम रू.१६,४३,५४८।७३ गरी कुल जम्मा रू.६३,०७,७४९।०५ हानी नोक्सानी गरेको देखिएको। प्रतिबादी सुक बहादुर गुरूङले मौकामा र अदालतमा उपस्थित भई कसूर गरेको इन्कार गरी बयान गरेपनि माथि उल्लेखित तथ्यलाई अन्यथा भन्न नसकेको र आफुलाई र निजी कम्पनीलाई फाईदा हुने गरी कार्य गरेको देखिदा देखिदैं सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।

घ) प्रतिवादीहरूले अदालतमा उपस्थित भइ बयान गर्दा कसुर गरेकोमा ईन्कार गरी बयान गरेपनि उल्लेखित कम्पनीको तर्फबाट आधिकारीक अख्तियार प्राप्त अधिकारी भएको स्वीकार गरेको। लिईएको ठेक्काको कार्य समाप्त नहुदै ठेक्काको अवधि समाप्त भएको अबस्थामा म्याद थपको लागी कुनै पहल गरेको भनेर कुनै जिकिर समेत लिन नसकेको। साथै, आयोगबाट गरिएको नाँपजाँच र मुचुल्कालाई समेत यी प्रतिवादीके बयानको क्रममा अन्यथा भन्न नसकेको। नेपाल सरकारका साक्षीहरूले अदालतमा उपस्थित भई निर्माणधीन योजनाको काम सम्पन्न नभएको भनी बकपत्र गरेको अवस्थामा केही व्यक्तिहरूले काम सम्पन्न भएको भनी बकपत्र गरेकोलाई मात्र आधार लिई गरेको उक्त फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।

प्रवक्ता
नरहरि घिमिरे